**SHARADA** (A Peer-Reviewed Journal), [Vol. 1, No. 2, Whole No. 2, June 2026], ISSN: 3102-0658 (P)

# भानुभक्त आचार्यको रामायणमा रसविधान

**हरिप्रसाद खतिवडा (विद्यावारिधि)**

*सहप्राध्यापक, ने.सं.वि., शारदा विद्यापीठ*

haripasadkhatiwada1@gmail.com

https://orcid.org/0009-0002-0761-5094

https://doi.org/10.3126/srj.v1i2.99149

**लेखसार**

*आदिकवि भानुभक्त आचार्य प्राथमिक कालीन नेपाली काव्य धाराका केन्द्रीय कवि हुन् । मूलतः आदिकवि पदविद्वारा विभुषित भए पनि उनीभन्दा पहिले केही कविहरू रहेका छन् । आदिकविद्वारा सम्मान पछि खोज तथा अनुसन्धानका क्रममा इतिहासशिरोमणि बाबुराम आचार्यले यो तथ्य पत्ता लगाएका हुन् । उनीभन्दा पहिले वीर धारा, राम भक्ति धाराकै रघुनाथ पोख्रेलको सुन्दरकाण्ड र कृष्ण भक्ति धाराका वसन्त शर्माको कृष्णचरित्रलगायत अन्य कविहरू देखापर्दछन् । नेपाली कविताको प्रारम्भ खोज्दै जाने हो भने हालसम्मको अनुसन्धानले* ***सुवानन्द दास****को पृथ्वीनारायण शाह कवितालाई चिनाउँछ । वीर धाराका यदुनाथ पोख्रेल, गुमानी पन्तलगायतका कविहरूका वीरभावनाले ओतप्रोत भएका कविता यस समयमा देखापर्दछन् । वि.सं.१८७२ को सुगौली सन्धिले नेपालीहरूको मानसिकतामा आएको निरास भावनाबाट भक्तिभाव जागृत हुन पुग्दछ र भक्ति धाराको प्रादुर्भाव हुन्छ । फलतः समग्र भक्ति धाराअन्तर्गत राम भक्ति धाराका कित्तामा उभिएका भानुभक्त आचार्य देखापर्दछन् । उनले रामलाई आदर्श पात्र बनाएर संस्कृतमा लेखिएका अध्यात्मरामायण, वाल्मीकिरामायण र तुलसीकृत रामायणलाई आधार मानेर नेपाली परिवेशअनुसारको रामायण रचना गर्न पुग्दछन् । प्रस्तुत भानुभक्तीय रामायण नेपाली समाजको सर्वाधिक लोकप्रिय काव्य हो । रामायण एक्लै घरमा बस्दा, विरहमा, दुःख पर्दा, खुसी हुँदा र फुर्सदका समयमा मिठो लयमा गाएर दुःख कम गर्ने र सुखको अनुभूति गर्ने नजिकको साथी हो । सानातिना दुःख र पीडाहरूलाई तथा विरामीपनलाई कम गर्ने औषधी हो । प्रस्तुत नेपाली भाकाको रामायण महाकाव्यमा नेपाली साहित्यमा प्रचलित नवरसको जीवन्त चित्रण गरिएको छ । जसका उदाहरणले यो कुराको पुष्टि गर्दछ । प्रस्तुत आलेखमा भानुभक्तीय रामायणमा कुनकुन रसको के कसरी प्रयोग गरिएको छ भनी खोतल्ने काम गरिएको छ । यसरी अध्ययन गर्दा रामायणलाई प्राथमिक स्रोतको रूपमा र अन्य रामायणसम्बन्धी विश्लेषण गरिएका लेखरचना आदिलाई द्वितीय स्रोतका रूपमा प्रयोग गरिएको छ । प्रस्तुत लेखमा कृतिसम्बन्धी विश्लेषण गरिएको हुँदा पुस्तकालयीय अध्ययन कार्य गरिएको छ । यस अध्ययनले रामायणमा नौवटै रसको प्रयोग भएको निष्कर्ष निकालिएको छ । साहित्यमा प्रयुक्त नौवटै रसको प्रयोग भए पनि परिपाकका रूपमा करुण रस देखापरेको छ ।*

**शब्दकुञ्जी** - अध्यात्मरामायण, आदिकवि, दर्शन, रघुनाथ, जुगुप्सा ।

## विषयपरिचय

भानुभक्त आचार्य नेपाली साहित्य जगत्का आदिकवि हुन्। प्राथमिक कालीन नेपाली साहित्यअन्तर्गत काव्ययात्राको भक्ति धारामा उदाएका आचार्यले नेपाली साहित्यको काव्य विधालाई स्वास भर्ने काम गरेका छन्। उनले जुन समयमा नेपाली भाषा र साहित्य अत्यन्त कठिन अवस्थामा रहेको थियो, सो समयमा दह्रो टेको दिएर उभ्याउने काम गरेका छन्। यतिमात्र नभई नेपाली काव्य जगत्मा महाकाव्यरूपी पोथ्रो रोपेर नयाँ यात्राको थालनी गरेका छन्। संस्कृत र ब्रज भाषामा मात्र सीमित रहेको मर्यादापुरुष रामका चरित्रमा आधारित कथावस्तुलाई नेपाली भाषामा केही मौलिकतासहित प्रस्तुत गरेका छन्। उनको यो रामायण महाकाव्य नेपाली भाषको सर्वाधिक लोकप्रिय काव्य बन्न पुगेको छ। भानुभक्तीय रामायणले समेत परिचित बन्न पुगेको प्रस्तुत रामायण महाकाव्यमा नेपाली परिवेश, नेपाली संस्कृति, नेपाली रहनसहन र नेपाली माटो सुहाउँदो तथा सरल र सहज किसिमको प्रस्तुति रहेको छ। अध्यात्मरामायण जस्तो कठिन विषयवस्तुलाई समेत सरल तरिकाले प्रस्तुत गरिएको छ जसले गर्दा रामायण पढ्नका लागि कुनै पनि पाठकले मस्तिष्क खियाइ रहनु पर्दैन। मूलतः शार्दूलविक्रीडित छन्द र अन्य विभन्न शास्त्रीय छन्दका प्रयोगले काव्यमा मधुरता थपेको पाइन्छ। प्रस्तुत काव्यमा नवरसको सुन्दर तरिकाले प्रयोग गरिएको पाइन्छ। नवरसको सुन्दर र कलात्मक तरिकाले प्रयोग गरिए पनि करुण रस परिपाकका रूपमा प्रस्तुत भएको छ। अतः रससौन्दर्यका दृष्टिले प्रस्तुत भानुभक्तीय रामायण सफल र उच्च कोटिको काव्य बन्न पुगेको छ।

## समस्या र उद्देश्य

प्रस्तुत अध्ययन भानुभक्त आचार्यका रामायणमा कुन कुन रसको प्रयोग भएको छ र ती रसले काव्यलाई के कति सौन्दर्य प्रदान गरेको छ भन्ने शोध्यप्रश्न निर्माण गरिएको छ। यिनै शोध्य प्रश्नहरूलाई आधार मानेर समस्या समाधान गर्नु यस आलेखको उद्देश्य रहेको छ। उक्त उद्देश्य प्राप्त गर्नका लागि रस सिद्धान्तअन्तर्गतका रसहरूलाई लिइएको छ।

## पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका कृतिहरूमध्ये शाकुन्तल, सुलोचना, आदर्शराघव, तरुण तपसी जस्ता कृतिहरूमा रससम्बन्धी विश्लेषण गरिएको पाइएको र आदिकवि आनुभक्त आचार्यको रामायणमा रसविधानसम्बन्धी अध्ययन भएको पाइएन। यस प्रकार शोध अन्तराल पाइएको हुँदा यहाँ रामायणमा रससम्बन्धी अध्ययन गरिएको छ।

## औचित्य र उपयोगिता

प्रस्तुत भानुभक्त आचार्यको र रामायणमा रससम्बन्धी लेख भानुभक्त र रामायणमा रुचि लिने पाठकहरूलाई उपयोगी रहेको छ। यसका अतिरिक्त भानुभक्तका विषयमा लेख रचना लेख्ने, अनुसन्धान गर्ने अनुसन्धाता, प्राध्यापक, शिक्षक, विद्यार्थी आदिलाई पनि यो लेख उपयोगी रहेको छ। मूलतः भानुभक्तको रामायणमा रससम्बन्धी जानकारी प्राप्त गर्न यस आलेखको औचित्य रहेको छ।

## आलेखको सीमा

प्रस्तुत आलेख भानुभक्त आचार्यको जीवनी र उनका रामायणमा केन्द्रित रहेको छ। भानुभक्त आचार्यको परिचय प्रवृत्ति र उनका रामायणमा प्रयोग गरिएका रसमा सीमित रहेको छ। यसदेखि बाहेक साहित्यका अन्य तत्त्वहरूको चर्चा गरिएको छैन। रसमा केन्द्रित रहेर विश्लेषण गर्नु नै यसको सीमा हो।

## अध्ययन विधि

प्रस्तुत वर्णविन्यास रससम्बन्धी अध्ययनमा पठनविधको प्रयोग गरिएको छ। यसमा भानुभक्तीय रामायणलाई प्राथमिक सामग्री र रससिद्धान्त तथा अन्य रससम्बन्धी लेखहरूलाई द्वितीयक सामग्रीका रूपमा लिइएको छ। यस प्रकार रामायणको विश्लेषण गर्दा नौवटा रसलाई आधार मानेर प्रत्येक काण्डका श्लोकहरू समावेश गरिएको छ। रस सामग्रीका रूपमा रहेका विभाव, अनुभाव र व्यभिचारी भावका आधारमा प्राज्ञिक विश्लेषण गरी निष्कर्ष निकालिएको छ। यही पठन विधिका आधारमा विश्लेषण गर्नु यस अनुसन्धानको अध्ययन विधि रहेको छ।

## सैद्धान्तिक आधार

रस भरतमुनिद्वारा प्रतिपादित सिद्धान्त हो। भरतमुनिले प्रतिपादन गरेका आठवटा रस र उद्भटद्वारा थपिएको शान्त रस गरी नौवटा रसलाई आधार मानेर भानुभक्तका रामायणको विश्लेषण नै सैद्धान्तिक आधार रहेको छ।

### भानुभक्त आचार्यको परिचय र प्रवृत्ति

भानुभक्त आचार्य तनहुँ जिल्लाको चुँदी रम्घामा वि. सं. १८७१ मा जन्मिएर वि. सं. १९२५ मा अस्ताएका हुन्। घरायसी परिवेशमा शिक्षा हासिल गरेका आचार्यले बाह्र वर्षको उमेरदेखि नै पद्य सृजना गरेको पाइन्छ। उनले आफ्ना हजुरबुबाबाट बढी र बुबाबाट केही मात्रामा शिक्षा हासिल गरेको पाइन्छ। उनी चण्डी, रुद्री, लघुकौमुदी, अमरकोष आदि ग्रन्थको अध्ययन गरी काव्य रचनामा अघि बढेको पाइन्छ। उनका रामायण, भक्तमाला, बधुशिक्षा, रामगीताजस्ता ग्रन्थ र विभिन्न फुटकर कविताहरू प्रकाशित भएका छन्।

भानुभक्त आचार्य नेपाली साहित्यमा उदाएका चम्किला नक्षत्र हुन्। उनी नेपाली साहित्यमा आदिकविका नामले सुपरिचिति रहेका छन्। विभिन्न अनुसन्धानले उनीभन्दा पहिले अन्य कविहरू भएको तथ्य पत्ता लागे पनि उच्च कोटिको काव्य, उत्कृष्ट काव्य, लोकप्रिय काव्य र नेपाली परिवेशको महाकाव्य रामायण नै रहेकाले उनलाई नै आदिकविको संज्ञा दिइएको हो। आदिकविका बारेमा मोतीराम भन्दछन् : गोर्खा भाषामा हुन त धेरै नामका कवि भानुभक्तभन्दा पैल्हे भए तर कविताको मर्म जानी भाषा पद्य लेख्ने कविहरूमा आदिकवि भानुभक्त नै हुन्। (भट्ट, २०५१ पृ. ३ : ४) त्यस्तै प्रसिद्ध कथाकार गुरूप्रसाद मैनाली लेख्दछन् : भानुभक्त नेपाली भाषाका तुलसीदास हुन्। (ज्ञवाली, सम्पादन, २०२६ पृ. ७) यस प्रकार नेपाली रामायणका रूपमा भानुभक्तीय रामयण नै रहनु र तमाम नेपालीहरूको मस्तिष्कमा बस्नु पनि यसको विशेषता हो।

आचार्यलाई रामयण लेख्नका लागि मुख्य प्रेरणा घाँसीबाट मिलेको थियो भन्ने कुरा मोतीराम भट्टले उल्लेख गरेका छन्। घाँसीसँग भएको संवाद वास्तवमै भानुसँग भएको हो कि मोतीरामको कवि कल्पना हो त्यो उनै जानुन्। कतिपय समालोचकहरूले मोतीरामको चमत्कार हो भनी उल्लेख गरेको पनि पाइन्छ तर जे जस्ता विचार आए पनि ऐतिहासिक विषवस्तु भएकाले त्यो विषयभित्र धेरै नपसौँ। तत्काल कविता बनाउन सक्ने सामर्थ्यचाहिँ उनमा रहेको हुँदा उनले घाँसीसँग भेट भएका बेलामा कविता बनाएनन् भन्नचाहिँ सकिँदैन। समग्रमा भानुभक्त आचार्य नेपाली साहित्यका आदिकवि र प्राथमिक कालीन काव्य धाराका केन्द्रीय कविका रूपमा स्थापित रहेका छन्।

### आचार्यका काव्यगत प्रवृत्ति

भानुभक्त आचार्य प्राथमिक कालीन कवि हुन्। उनी राम भक्ति धाराका कविका रूपमा देखिए पनि समग्र प्राथमिक कालका केन्द्रीय कविका रूपमा सुपरिचित रहेका छन्। उनले धार्मिक, सामाजिक, आध्यात्मिक र दार्शनिक

विषयवस्तुमा आधारित काव्यहरू सृजना गरेका छन्। उनका सम्पूर्ण काव्यहरूलाई अध्ययन गर्दा निम्नलिखित प्रवृत्तिहरू पाउन सकिन्छ :

**धार्मिकता**

भानुभक्त आचार्यका काव्यमा धार्मिक तथा सांस्कृतिक विषयवस्तु प्रस्तुत गरिएको हुन्छ। उनले रामायण र रामगीताजस्ता काव्यमा धार्मिक विषयवस्तुलाई कलात्मक तरिकाले प्रस्तुत गरेको पाइन्छ, साथै धर्म संस्कृतिको संरक्षण गर्नु हामी सबै नेपालीको कर्तव्य हो भन्ने आशय व्यक्त गरेको पाइन्छ। जस्तै :

सुन्यौ भाइ संसार्मा शरिर अति कच्चा छ जनको।
शरीर् कच्चा जानी नगर रिस कत्ति मनको।।
सबै भोग् चञ्चल् छन् बिजुली सरी एक् छिन् न रहन्या।
विचार् यस्तो जानी सहु तिमि बडो हुन्छ सहन्या।।
अथवा
जस्ले गान् कन गर्दछन् ति त सहज् संसार पार् तर्दछन्।
कालैको पनि ताप् हुँदैन भय सब् तिनका सहज् टर्दछन्।।
यो सब शास्त्र विषे बडो छ रघुनाथ्को रूप् जनाइ दिन्या।
जो छन् सब् इ पुराण्हरू इ सबमा यै मुख्य जानी लिन्या।।

गर्छन् कीर्तन सुन्दछन् पनि भन्या यी पाउँछन् फल् भनी।
तिन्को पुण्य बखान गर्न त सबै सक्तीन मैले पनि।

**दार्शनिकता**

भानुभक्त आचार्य दार्शनिक कविका रूपमा पनि सुपरिचित रहेका छन्। उनले हिन्दुदर्शनका आस्तिक दर्शनहरूको प्रचुर मात्रामा प्रयोग गरेको पाइन्छ। ती दर्शनहरूमध्ये पनि वेदान्त दर्शन र साङ्ख्य दर्शनको अधिक प्रयोग गरेको पाइन्छ। जस्तै :

म ता नित्यै पो हुँ यही शरीरमा लागि म गयाँ।
शरीर् मर्दा आफैँ मञि मरि गयाँ झैँ पनि भयाँ।
अहो अज्ञान् मेरो भनिकन जहाँतक् मन महाँ।
लिँदैनन् ताहीँ तक् फजिति पनि छन् यै जन महाँ।
अथवा
ओँकार् वाचक हो सबै जगतको अज्ञान् अवस्था यहाँ।
ज्ञानोत्तर हुन सक्छ वाचक कहाँ लिन् हुन्छ आत्मै महाँ।।
आत्मामा जब लिन् भया ...अउम... तिन् विश्वादि साक्षी सहित्।
आत्मै मात्र रहन्छ तेस् बखतमा निर्मल् उपाधि रहित्।।

अथवा
मनुष्यै योनीमा यदि हरि भज्यो ता जन तऱ्यो।
अवश्यै फन्दामा हरिकन नभज्न्या पछि पऱ्यो।।
जगत्मा यो चाला बुझिकन विचार् गर्नु जनले।
निरन्तर् ठाकुर्को चरणकमलै धर्नु मनले।। (आचार्य, भक्तमाला, २०७६, श्लोक ९)

**सामाजिकता**

भानुभक्त आचार्य समाजका विषयवस्तुलाई वास्तविक रूपमा प्रस्तुत गर्ने कवि हुन्। गाउँघरका सानातिना विषयवस्तुलाई टपक्क टिपेर प्रस्तुत गर्नु आचार्यको निजी विशेषता हो। समाजमा देखा पर्ने सानातिना विषयवस्तु सासूबुहारीका झगडा, छिमेकीका झगडाजस्ता विषयवस्तुलाई प्रस्तुत गर्दै समाज सुधारको चाहना राख्दछन्। यसका उदाहरणका रूपमा बधुशिक्षालाई लिन सकिन्छ। जस्तै :

धन् इज्जत् घरवार देख्छु बढिया छैनन् कुनै चिज् कमी।
बूहारी यदि कर्कशा हुन गया क्या घर् गरौला तिमी।
साह्रै झोक उठ्यो मलाई र बधूशिक्षा बनायाँ पनी।
यस्ले पत्नि, बुहारि, छोरिहरूको तालिम् गरौला भनी।। (आचार्य, बधूशिक्षा, २०७६, श्लोक, २)
अथवा
पाहूना जति आउँछन् घर महाँ दर्जा छ तिन्को जति।
सो जानेर उसै बमोजिम गरोस् मर्ज्याद् नचूकोस् रति।।
पाउन् पापि कठोर चोरहरूले सोहि बमोजिम् जवाफ्।
राखोस् इष्ट कुटुम्ब मित्रहरूमा अमृत् सरीको रवाफ्।। (आचार्य, बधूशिक्षा, २०७६, श्लोक, १६)

**व्यङ्ग्यात्मकता**

भानुभक्त आचार्य धार्मिक प्रवृत्तिका अतिरिक्त व्यङ्ग्यलाई पनि उत्तिकै सशक्त रूपमा प्रस्तुत गर्ने कवि हुन्। उनले विधिमा निषेधको प्रयोग गरी व्यङ्ग्यको कलात्मक तरिकाले प्रस्तुत गरेका छन्। उनका कवितामा व्यङ्ग्यमा हास्यको समुचित प्रयोग गरिएको हुन्छ। जस्तै :

रोज् रोज् दर्शन पाउँछु चरणको ताप् छैन मन्मा कछु।
रात् भर नाच पनि हेर्छु खर्च नगरी ठुला चयन्मा मछु।।
लाम्खुट्टे उपियाँ उडुस् यी सँगी छन् यिन्कै लहड्मा बसी।
लामखुट्टेहरू गाउँछन् यी उपियाँ नाच्छन् म हेर्छु बसी।। (आचार्य, फुटकर रचना, २०७६ श्लोक ४)

**आशुकवित्व लेखन**

आचार्य आशुकविका रूपमा पनि देखा पर्दछन्। उनले गजाधर सोतीका घरमा बास बस्न जाँदा देखेका र भोगेका विषयलाई तत्कालै कविता सृजना गरी बधुशिक्षा तयार पारेका थिए भने घाँसीका प्रेरणाबाट कविता लेख्न र

रामायण लेख्न प्रेरणा मिलेको जानकारी गराएका छन् । उनी तत्कालै कविता लेख्न पुग्दछन्, यो आशुकवित्व लेखनको पहिचान हो । जस्तै :

भर्जन्म घाँसतिर मन् दिइ धन् कमायो ।
नाम क्यै रहोस् पछि भनेर कुआ खनायो ।।
घाँसी दरिद्रि घरको तर बुद्धि कस्तो ।
मो भानुभक्त धनि भै कन आज यस्तो ।।
मेरा इनार न त सत्तल पाटि क्यै छन् ।
जो धन् र चीजहरू छन् घरभित्र नै छन् ।।
यस् घाँसिले कसरि आज दिएछ अर्ती ।
धिक्कार हो मकन बस्नु नराखि कीर्ति ।। (आचार्य, फुटकर रचना, २०७६, श्लोक, ३२)
अथवा
साहै झोक उठ्यो मलाई र बधूशिक्षा बनाया पनि ।
यस्ले पत्नी बुहारी छोरीहरूको तालिम् गरौला भनी ।। (आचार्य, बधूशिक्षा, २०७६, श्लोक २, )

**सरलता र सहजता**

भानुभक्त आचार्यका कविताहरू सरल र सहज किसिमका रहेका हुन्छन् । सरल र ठेट नेपाली शब्दहरू प्रयोग गरी सलल बग्ने भाव प्रस्तुत गर्नु आचार्यको प्रमुख काव्यगत विशेषता रहेको पाइन्छ । यसको प्रयोग उनको रामायणको पहिलो श्लोकमा नै पाउन सकिन्छ । जस्तै :

एक् दिन् नारद सत्यलोक् पुगि गया लोक्को गरूँ हित् भनी ।
ब्रह्मा ताहिँ थिया पऱ्या चरणमा खूसी गराया पनी ।।
क्या सोध्छौ तिमि सोध भन्छु म भनी मर्जी भएथ्यो जसै ।
ब्रह्माको करुणा बुझेर ऋषिले बिन्ति गऱ्या यो तसै ।। (आचार्य, बालकाण्ड, २०७६, श्लोक ०१ )

यसका अतिरिक्त आचार्यका अलङ्कारवादी, छन्दवादी प्रवृत्ति, लोकप्रियता आदि अन्य काव्यगत विशेषता रहेका छन् ।

**रसको परिचय र प्रकार**

रस पूर्वीय साहित्य सिद्धान्तको सबैभन्दा प्राचीनतम विधा हो । ईसा पूर्व दोस्रो शताब्दीतिरका आचार्य भरतमुनिले सर्वप्रथम रसको चर्चा गरेको पाइन्छ । रसलाई मूलतः साहित्यिक रस, पदार्थयुक्त रस, आयुर्वेदको रस, भक्ति रस गरी अध्ययन गरेको पाइन्छ । केही काव्यशास्त्रीहरूले ब्रह्मानन्दलाई रसका रूपमा लिएका छन् । यसका अतिरिक्त ऋग्वेदमा रसलाई सोम रसका रूपमा लिएको पाइन्छ भने रसोवै मधु भनेर महलाई पनि लिएको पाइन्छ । रसको सैद्धान्तिक रूपमा चर्चा गर्ने पहिला आचार्यचाहिँ भरतमुनि हुन् । उनले आफ्नो प्रसिद्ध ग्रन्थ *नाट्यशास्त्र*मा रसको चर्चा गर्दै आफूभन्दा पहिले *नन्दीकेशर मुनि* रहेको चर्चा गरेका छन् ।

भरतमुनिले आठ वटा रसको चर्चा गरेका छन् । उनले शान्त रसको उल्लेख गरेको पाइँदैन । नवरसको स्थापाना गर्ने विद्वान्चाहिँ उद्भट हुन् । प्राचीन समयदेखि हालसम्म रसको स्थान महत्त्वपूर्ण रहँदै आएको छ । भरतमुनि, मम्मट, विश्वनाथ र जगन्नाथ आदि आचार्यहरूका रससम्बन्धी भनाइले पनि रसको महत्ता झल्कन्छ ।

## रामायणमा नवरसको प्रयोग

भानुभक्तीय *रामायण* आदिकवि भानुभक्त आचार्यले लेखेर छाडेर गएपछि झन्डै २५/३० वर्षका समयको अन्तरालमा प्रकाशनमा आएको हो । महाकाव्यका सिद्धान्तअनुसार शृङ्गार, वीर र शान्त रसलाई अङ्गीकार गरिएको भए पनि *एको रस करुण एव निमित्त भेदात्* भन्ने सिद्धान्तलाई अवलम्बन गरी करुण रसलाई अङ्गी मानेर सृजना गरिएको छ । अतः रामायण करुण रसप्रधान महाकाव्य बन्न पुगेको छ । अङ्ग रसका रूपमा सम्पूर्ण रसहरू रहेकाछन् । नवरस प्रयोग भएका केही महत्त्वपूर्ण उदाहरणहरू यस प्रकार रहेका छन् :

### १.शृङ्गार रस

शृङ्गार सबै रसहरू मध्येको प्रमुख रस हो । यसलाई रसराज पनि भनिन्छ । यसको विषयवस्तु प्रेमपरक हुने गर्दछ । यो रसमा नायक नायिकाबिच शारीरिक र मानसिक प्रेम, आकर्षण, कामेच्छा आदि विषयवस्तु समाविष्ट गरिएको हुन्छ । यसको स्थायीभाव रति हो । यो रस सम्भोग र विप्रलम्भ गरी दुई प्रकारको हुन्छ । सम्भोग शृङ्गार रसमा नायक नायिकाको सुखद वा मिलनका क्षणको चित्रण गरिएको हुन्छ भने विप्रलम्भ शृङ्गार रसमा बिछोड वा वियोगको चित्रण गरिएको हुन्छ । यी दुवै प्रकारका रसको स्थायीभाव रति वा प्रीति हो । जस्तै :

एक् दिन् हे हनुमन् ! म चित्रकुटमा राम्का नजिक्मा थियाँ ।
मेरा काख महाँ सुत्या र रघुनाथ् हात्को तकीया दियाँ ।।
मेरा लाल् दुइ पाउ देखि कन काग् आयो र ठूँग्यो जसै ।
मेरा ई दुइ पाउ देखि बहुतै आयो रगत् पो तसै ।। (आचार्य, सुन्दरकाण्ड, २०७६, श्लोक ७७)

प्रस्तुत उदाहरणमा हनुमान र सीता आलम्बन विभाव, एकान्त वातावरण, रामको काख र हातको तकिया उद्दीपन विभाव, काखमा सुत्नु, मिठामिठा बितेका कुरा सुनाउनु, खुसीमा रहनु अनुभाव, हर्ष, आनन्द, मोह, उत्सुकता आदि व्यभिचारी भाव हुन् । सीताले रामसँगका सुखका पल सम्झनु रति वा प्रीति स्थायीभाव हो ।

### २ हास्य रस

हास्य रसमा शारीरिक, मानसिक एवं भाषिक विकृति आदि कुराहरू पर्दछन् । यसको स्थायीभाव हास वा हाँसो हो । अनौठो व्यक्ति वा विषय आलम्वन विभाव, विकृतियुक्त चेहरा, चेष्टा, हाउभाउ र हाँसो जगाउने वातावरण उद्दीपन विभाव, मुख बिगार्नु, अनेक प्रकारका मौखिक क्रिmयाकलाप गर्नु अनुभाव, चपलता, अश्रु, रोमाञ्च आदि व्यभिचारी भाव हुन् । जस्तै :

साँचो भन्यो भनि बुझी कपडा मगायो,
तेल् घीउले मुछि पुछर् भरि बेर्न लायो ।
हुकुम् दियो अब जलायर बाँधि लेऊ ।
सारा सहर् पनि घुमायर छाडि देऊ ।। (आचार्य, सुन्दरकाण्ड, २०७६, श्लोक १२२)

प्रस्तुत उदाहरणमा कपडा मगाउने र कपडा बाँधिने ब्यक्ति हनुमान आलम्बन विभाव, हनुमानको अनौठो र बढ्दै जाने पुच्छर, तेल, घिउ आदि उद्दीपन विभाव, घिउ, तेल लगाउनु, पुच्छर बढ्दै जानु, हनुमानका चेष्टा आदि अनुभाव हुन् । हर्ष, उत्सुकता, मोह, अश्रु आदि व्यभिचारी भाव हुन् । यसको स्थायीभाव हाँसो हो ।

**३.करुण रस**

करुण रसमा दुःख लाग्दो विषयवस्तु प्रस्तुत गरिएको हुन्छ। आफ्ना प्रियजनको बिछोड, पीडा, दुःखलाग्दो विषय वस्तु प्रस्तुत गर्नु यसको मुख्य विषयवस्तु रहेको हुन्छ। यसमा बिछोडिएको नायक नायिका आलम्बन विभाव, दुःख लाग्दो विषयवस्तु वा वातावरण उद्दीपन विभाव, विभिन्न प्रकारका शारीरिक मानसिक गतिविधि अनुभाव, दैन्य, ग्लानि, चिन्ता, वितर्क आदि व्यभिचारी भाव हुन् । यसको स्थायीभाव शोक हो । जस्तै :

भोकी मैलि निन्याउरी न त कपाल् कोर्‍याकि सब् केश् उसै ।
लट्टामात्र गर्‍याकी खालि भुइँमा रुँदै बस्याकी यसै ।।
राम् राम् राम् यति मात्र बोलि रहँदी देख्या र साना भई ।
पात्का अन्तरमा लुक्या ति हनुमान् रुख्का उपरमा गई ।। (आचार्य, सुन्दरकाण्ड, २०७६, श्लोक ३१)

प्रस्तुत उदाहरणमा दुःखी सीता र हनुमान आलम्बन विभाव, दुःख लाग्दो अवस्था वा वातावरण उद्दीपन विभाव, दुःखी अवस्था, मैली, निन्याउरी आदि अनुभाव, दैन्य, ग्लानि, चिन्ता आदि व्यभिचारी भाव रहेका छन्। सीतामा रहेको शोक स्थायीभाव हो ।

**४.रौद्र रस**

आफ्नो अहम्मा कसैले चोट पुर्‍याउँदा वा अपमान गर्दा मनमा उत्पन्न हुने एक प्रकारको मनोभावलाई क्रोध भनिन्छ। रिस उत्पन्न गराउने रसलाई रौद्र रस भनिन्छ। यसमा दुई समूहका व्यक्ति वा प्रतिद्वन्द्वी समूह आलम्बन विभाव, अपमान चोट आदि उद्दीपन विभाव, अनुहार बिगार्नु, कराउनु, गर्जनु आदि अनुभाव, उग्रता, गर्व, रिस, मद, तर्क आदि व्यभिचारी भाव हुन् । यसको स्थायीभाव क्रोध हो । जस्तै :

कस्को पुत्र तँ होस् बता मकन रे जाबो पुरानू धनू ।
भाँच्दैमा अति गर्व भो तँकन ता धेरै कुरा क्या भनूँ ।।
यो ता हो हरिको धनू वीर भया ताँदो यसैमा चडा ।
भन्दै खुप् रिसले रह्या परशुराम् राम्कै अगाडी खडा ।। (आचार्य, बालकाण्ड, २०७६, श्लोक १२६)

प्रस्तुत उदाहरणमा राम र परशुराम आलम्बन विभाव, शिवधनु भाँच्नु उद्दीपन विभाव, कठोर वचन बोल्नु, गर्जनु, ललकार्नु, शरीर कम्पमान हुनु अनुभाव, रिस, उग्रता, तर्क, वितर्क आदि व्यभिचारी भाव हुन्। यसको स्थायीभाव क्रोध हो ।

अथवा

पाजी रावण ! बोल्दछस् कति बहुत् दुर्वाच्य बक् बक् गरी ।
राघव् देखि डराइ छल्न भनि एक् सन्यासिको रूप् धरी ।।
जस्तै यज्ञ विषे हवी कुकुरले हर्छन् उसै चालले ।
राम् लक्ष्मण् नहुँदा हरिस् तँ बुझिले मर्लास् यसै कालले ।। (आचार्य, सुन्दरकाण्ड, २०६७, श्लोक ४०)

**५.वीर रस**

शत्रुसँग युद्ध गर्दा दया, दान आदि कार्यमा उत्साह वा हिम्मत, जोश, जाँगर आउँदा वीर रस हुन्छ। यसैका आधारमा वीरका युद्धवीर, दानवीर, धर्मवीर र दयावीर गरी चार प्रकार हुन्छन्। वीर लडाकुहरू आलम्बन विभाव, शत्रुको हाँक, युद्धस्थल, शङ्खघोष आदि उद्दीपन विभाव, आक्रमण गर्नु, दाह्रा किट्नु, अनुहार बिगार्नु, आदि अनुभाव, आवेग, गर्व, उन्माद, मद आदि व्यभिचारी भाव हुन्। यसको स्थायीभाव उत्साह हो। जस्तै :

यो इन्द्रजित् गइ यसै बिचमा मलाई,
बाँधेर ल्याइ कन आज दियो तँलाई।
बन्धन् पर्यो भनि नठान् त दियाँ जनाई।
खूला छू अर्ति पनि दिन्छु म सुन् तँलाई।। (आचार्य, सुन्दरकाण्ड, २०७६, श्लोक ११०)

प्रस्तुत उदाहरणमा हनुमान र इन्द्रजीत आलम्बन विभाव, हनुमान्लाई बाँधेर ल्याउनु, दरबारमा पेश गर्नु, उद्दीपन विभाव, हनुमानका चुनौति, बन्धन पऱ्यो भनी नठान्न भन्नु, रिसाएर कराउनु अनुभाव, गव, र् तर्क, वितर्क, मद आदि व्यभिचारी भाव हुन्। यसको स्थायीभाव उत्साह हो।

अथवा

राक्षस् तर्फ भन्या घट्यो बल सबै ठूलाठुला विर् मऱ्या।
माऱ्या बानरले ति राक्षस सबै चौथाइ बाँकी रह्या।।
आफ्ना फौज् सब नष्ट देखि कन विर् साह्रै लडाको सुरो।
आयो इन्द्रजितै म लड्दछु भनी सर्वास्त्रमाको पुरो।। (आचार्य, युद्धकाण्ड, २०७६, श्लोक १०४)

**६ भयानक रस**

डर लाग्दो विषय, घटना, दृश्य सुन्दा, देख्दा वा प्राणी आदि देख्दा मनमा भय उत्पन्न भएमा भयानक रस हुन्छ। यसमा भय जगाउने पात्र वा व्यक्ति आलम्वन विभाव, डर लाग्दो स्वरूप, स्थान वा हाउभाउ आदि उद्दीपन विभाव, चिच्याउनु, काँप्नु, बोली अवरुद्ध हुनु, स्तम्भित हुनु आदि अनुभाव, सन्त्रास, आवेग, चिन्ता आदि व्यभिचारी भाव हुन्। यसको स्थायीभाव भय हो। जस्तै :

केही दुर् हनुमान् पुग्या पछि तहाँ एक् सिँहिका राक्षसी।
छाया पत्रिm उ जन्तु खैँचि बलले खान्थी जलैमा बसी।।
छाया पत्रिm उ तान्न लागि हनुमान्ज्यूको गति बन्द भो।
कस्ले बन्द गऱ्यो गती भनि दिशा दस्मा तसै दृष्टि भो।। (आचार्य, सुन्दरकाण्ड, २०७६, श्लोक १४)

**७.बीभत्स रस**

घृणित वस्तु देखेर अथवा सम्झिएर मनमा घृणा उत्पन्न भएमा बीभत्स रस हुन्छ। यसमा घृणित वा दुर्गन्धित वस्तु वा विषय आलम्वन विभाव, घृणा उत्पन्न गराउने तत्त्व वा परिवेश उद्दीपन विभाव, आँखा चिम्लनु, वाकवाकी लाग्नु, नाक थुन्नु, मुख बिगार्नु आदि अनुभाव, दैन्य, ग्लानि, चिन्ता, घृणा आदि व्यभिचारी भाव हुन्। यसको स्थायीभाव घृणा वा जुगुप्सा हो। जस्तै :

रावण गोमय कुण्डमा कुल समेत् खुप् तेल मर्दन् गरी।

बुड्थ्यो सब् मुड आफना उनि उसै मुड्को त मालाधरी।।
श्रीराम्का नजिकै विभीषण थिया भक्ती प्रभूको गरी।
गर्थ्या खूप टहल् बहुत् खुसी हुँदै तन् मन् वचन् एक् गरी।। (आचार्य, सुन्दरकाण्ड, २०७६, श्लोक ४८)

**८.अद्भुत रस**

चमत्कार पूर्ण अलौकिक किसिमका पात्र विषय वस्तु, दृश्य आदि देख्दा सुन्दा वा मानिसका मनमा उत्पन्न हुने एक किसिमको मनोभावलाई अद्भुत रस भनिन्छ। यसमा अनौठा विषयवस्तु आलम्बन विभाव, विस्मय जनाउने किसिमको अनौठो वातावरण वा दृश्य आदि उद्दीपन विभाव, छक्क पर्नु, जिबो टोक्नु, आँखा चिम्लनु वा झिमझिम पार्नु आदि अनुभाव, हर्ष, शङ्का, जडता, आश्चर्य, तर्क आदि व्यभिचारी भाव हुन्। यसको स्थायीभाव विस्मय वा आश्चर्य हो। जस्तै :

तिम्रो रूप् अति सानु देख्छु अरु ता कत्रा हुनन् झन् भनी।
सम्झन्छू मनले र गम्छु मनमा आश्चार्य मान्छू पनि।।
यस्तो मर्जि सीताजिको सुनि तहाँ पर्वत् सरीका भया।
मेरू तुल्य स्वरूप् गरेर हनुमान् साम्ने खडा भै रह्या।। (आचार्य, सुन्दरकाण्ड, २०७६, श्लोक ८१)

प्रस्तुत उदाहरणमा हनुमान र सीता आलम्बन विभाव, हनुमानको विसाल रूप उद्दीपन विभाव, आश्चर्य मान्नु, गम्नु, मनमा विभिन्न कुरा खेलाउनु अनुभाव, उत्सुकता भय, आश्चर्य, तर्क, वितर्क आदि व्यभिचारी भाव हुन्। यसको स्थायीभाव आश्चर्य वा विस्मय हो।

अथवा

चार् कोस्का हनुमान देखि सुरसा बिस् कोसको मुख् गरिन्।
चालिस् कोस् हनुमान् भया र असी कोस् मुख् फेरि तिन्ले धरिन्।।
जल्दि फेर् हनुमानले छबिस कोस्को रूप् गराई बस्या।
फेर् दूई सय कोस् मुखै जब गरिन् अँगुष्ठ झैँ भै पस्या।। (आचार्य, सुन्दरकाण्ड, २०७६, श्लोक ८)

**९.शान्त रस**

शान्त रसमा शारीरिक वास्ना, भौतिक सुख, दुःख, धन सम्पत्तिबाट विरक्तिएको भाव प्रस्तुत हुन्छ। यो रसमा वैराग्यभाव प्रस्तुत हुनेगर्दछ। वैराग्य भाव उत्पन्न गराउने पात्र आलम्बन विभाव, तीर्थ यात्रा, भजन, कीर्तन, उत्सव आदि धार्मिक परिवेश उद्दीपन विभाव, सांसारिक सुख त्याग्नु, ईश्वरमा मन लाग्नु, वेशभूषा आदि अनुभाव, निर्वेद, स्मृति, धैर्य आदि व्यभिचारी भाव हुन्। यसको स्थायीभाव निर्वेद वा शम हो। जस्तै :

हे भाइ जन क्वै थिएन जगमा रावण् समान्को यहाँ।
सारा शास्त्र विचार् कला गुणहरू यस्कै थिए पेट् महाँ।
संसार्का बिच रत्न नै हुन गई बस्थ्यो सुयस्ले भरी।
बढ्ता बुद्धि थियो मदेखि पनि ता दब्थेँ बिचार् खुब् गरी।।

प्रस्तुत उदाहरणमा राम, लक्ष्मण र रावण आलम्वन विभाव, रावणको ज्ञान, बुद्धि आदि उद्दीपन विभाव, ज्ञान लिन भन्नु, सुयसले बस्नु, मानसिक रूपमा सम्मान प्रकट गर्नु आदि अनुभाव, निर्वेद, वितर्क, तर्क, धृति, औत्सुक्य आदि व्यभिचारी भाव हुन् । यसको स्थायीभाव शम वा निर्वेद हो ।

यस प्रकार नेपाली महाकाव्य जगत्मा भानुभक्तीय रामायणको छुट्टै पहिचान रहेको छ । लोकप्रियताका दृष्टिले नेपाली जनमानसमा भिज्न सफल रहेको उक्त रामायण विभन्न आधारमा उच्च रहेको पाइन्छ । तत्कालीन समयमा प्रत्येक नेपालीका जिब्रामा झुन्डिन सफल रहेको सो काव्यमा नवरसको प्रयोग गरिएको भए पनि परिपाकका रूपमा शृङ्गार रस रहेको छ ।

## निष्कर्ष

भानुभक्त आचार्य प्राथमिक कालीन साहित्यिक यात्रामा उदाएका आदिकवि हुन् । उनले नै नेपाली साहित्यको जग बसाएका हुन् । आदिकविको शाब्दिक अर्थ पहिलो हो तथापि उनी पहिला कविचाहिँ होइनन्, उनी भन्दा पहिला पनि कविहरू रहेका छन् । अभिधार्थमा उनी आदिकवि नभए पनि व्यञ्जना अर्थमा भने शसक्त रूपमा साहित्य रचना गरेका र लोकप्रियता तथा कवित्व गुण सशक्त भएका कविता सृजना गरेकाले उनी आदिकवि नै हुन् । नारीप्रति केही कठोरजस्ता देखिए पनि उनी नारीलाई आदर्शका रूपमा स्थापित गर्न चाहन्छन् । हास्यव्यङ्ग्यात्मकता, सामाजिकता, आध्यात्मिकता, आशुकवित्व, शृरङ्गारिकता, सरलता आदि उनका काव्यात्मक विशेषता रहेका छन् । उनका सबै कृतिहरूमध्ये रामायण सर्वोत्कृष्ट कृति हो । रामायणले तमाम नेपलीहरूको मन जित्न सफल भएको छ । रामायणमा साहित्यमा प्रचलित नौवटै रसको प्रयोग भए पनि अङ्गीरसका रूपमा करुण रस रहेको पाइन्छ । अतः भानुभक्त आचार्य नेपाली साहित्यका आदिकवि हुन् र उनको नेपाली रामायण सम्पूर्ण नेपालीहरूको लोकप्रिय काव्य हो ।

## सन्दर्भकृतिसूची

आचार्य, बाबुराम, (२०४३) *पुराना कवि र कविता*, काठमाडौँ : साझा प्रकाशन ।

आचार्य, भानुभक्त, (२०४६) *रामायण,* काठमाडौँ : साझा प्रकाशन ।

आचार्य, विश्वनाथ (सन् २००७ ) *साहित्यदर्पण* (टीकाकार : सत्यव्रतसिँह) वाराणसी : चौखम्बा विद्याभवन ।

उपाध्याय, केशवप्रसाद (२०४९) *प्राथमिक कालीन कवि र काव्यप्रवृत्ति*, काठमाडौँ : साझा प्रकाशन ।

कँडेल, घनश्याम (२०५५) (सम्पादित) *नेपाली समालोचना,* ललितपुर : साझा प्रकाशन ।

खतिवडा, हरिप्रसाद (२०७१) *साहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि,* महेन्द्रनगर : जगदम्बा छापाखाना ।

भट्ट, मोतीराम (२०५१) *कवि भानुभक्तको जीवनचरित्र,* काठमाडौँ : साझा प्रकाशन ।

भण्डारी, पारसमणि (२०६८) *साहित्यशास्त्र, नेपाली समालोचना र शोधविधि,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०५२) *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०६२) *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त,* काठमाडौँ : साझा प्रकाशन ।